सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल

आदेश

०७६- WO -०९३७

विषयः- परमादेशको आदेश जारी गरि पाउँ।

अधिवक्ता अनन्तराज लुइटेल समेत ------------------------------------------------------------निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्री परिषद्‌को कार्यालय सिंहदरबार काठमाण्डौ समेत --------------------विपक्षी

मुद्दाः- परमादेश।

निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रवि नारायण खनाल, विद्वान अधिवक्ताहरु श्री पंकजकुमार कर्ण, श्री रुद्र नेपाल, श्री सुजन नेपाल, श्री मधुकुमार चौलागाई, श्री प्रमोदकुमार थापा, श्री दमन बहादुर चन्द, श्री लक्ष्मी नानी थापा, श्री सन्तोष भण्डारी, श्री गुरु भक्त निरौला, श्री चन्द्रमणि पौडेल, श्री कमल कोईराला र निवेदक अधिवक्ताहरु श्री प्रतिभा उप्रेती, श्री अनन्तराज लुईटेल तथा विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डे र सह-न्यायाधिवक्ता श्री लोकराज पराजुलीले गर्नु भएको वहससमेत सुनियो।

यसमा अनलाईन शिक्षाको माध्यमबाट पठनपाठनको सुचारु गर्न, विदेशबाट आएका युवा र स्वदेशी किशानलाई प्रोत्साहित गरी उद्यमशीलतामा लाग्न सहूलियत दरमा ऋण उपलब्ध गराउने, बिउ बिजन र मल सहूलियत दरमा उपलब्ध गराउने, कर छुटको व्यवस्था गर्ने, उत्पादनको मूल्य निर्धारण गरी प्रोत्साहन गर्ने, सरकारी विज्ञापन समानुपातिक रुपमा पत्रिका र अनलाईन संचार माध्यमलाई उपलब्ध गराउने, हरेक संचार माध्यमलाई संचालनमा सहयोग पुग्ने गरी सहयोग उपलब्ध गराउने कानूनी प्रवन्ध गर्ने समेतका विषयहरु उठाई रिट निवेदन परेको देखियो। साथै, यीनै विषयमा अन्तरिम आदेश जारी गरी पाउँ भनी जिकिर गरेको पाईयो।

हाल COVID-19 संक्रमणको कारणबाट असहज परिस्थिति देखा परेको तथ्यमा विवाद छैन। देशमा उत्पादकत्वको अवस्था विग्रन नदिई उत्पादकत्व बढाउने उपायहरु अवलम्बन गर्नु पर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा लगायत राज्यको तर्फबाट संचार क्षेत्रकालागि दिने सहयोग सम्बन्धी निवेदकहरुले उठाउनु भएका विषयहरु निश्चय नै महत्वपूर्ण छन्। यस विषयमा नेपाल सरकारका सम्वध्द निकायहरुको तत्काल गम्भिर ध्यानाकर्षण समेत हुनु पर्दछ र जनताको अधिकतम हित, शिक्षाको अवसर तथा जनस्वास्थ्यको प्रत्याभूति, उत्पादकत्व वृद्धि गर्ने सहित आम संचार क्षेत्रको संरक्षणकालागि आवश्यक प्रवर्धनकारी कार्यक्रमहरु संचालन समेत गरिनु पर्दछ। यसको तात्पर्य उल्लेखित विषयलाई अन्तरिम आदेशकोलागि उपर्युक्त विषय हो भनी मान्न सकिने अवस्था भने देखिदैन। विवादको अन्तिम सुनुवाईका अवस्थामा निवेदकहरुले उठाउनु भएका विषयहरुको विवेचना हुन उपयुक्त देखिन्छ। उल्लेखित विषयहरु हेर्दा आधारभूत रुपमा यो सरकारको नीतिगत निर्णय सम्बन्धी विषय देखिन्छन्। यस प्रकार सरकारको नीतिगत निर्णयको विषयमा अहिले यो परमादेश सम्बन्धी निवेदनका सन्दर्भमा अन्तरिम आदेश जारी गर्नु मनासिव देखिएन।

COVID-19 नियन्त्रणका सम्बन्धमा नेपाल सरकारको तर्फबाट केही कार्यक्रम कार्यान्वयनमा ल्याईएको र नियन्त्रणको प्रयास भई रहेको भनी विद्वान नायव महान्यायाधिवक्ता तथा सह-न्यायाधिवक्ताले वहसको क्रममा जिकिर लिनु भएको देखियो। COVID-19 कै विषयलाई लिएर ०७६- WO-०९३२, ०७६- WO-०९३३, ०७६- WO-०९३४, ०७६- WO-०९३५, ०७६- WO-०९३६ का रिट निवेदनहरु परी विचाराधिन रहेको समेत पाईयो। अतः यसमा खाद्य सुरक्षा, रोग नियन्त्रण, शैक्षिक कार्यक्रम राहत व्यवस्था, सरकारबाट घोषित कार्यक्रमहरुको कार्यान्वयन स्थिति, तथा निवेदकहरुले उठाएका संविधानको धारा १९, ३१, ३५ तथा धारा ३६ लगायतको कार्यान्वयनका लागि वनेका ऐन, नियमको कार्यान्वयनको अवस्था समेतका विवरण खुलाई सम्बन्धित निकायहरुबाट आवस्यक जानकारी लिई एकमुष्ट रुपमा महान्यायाधिवक्ताको कार्यालयबाट १० दिन भित्र प्रतिवेदन पेश गर्न लेखि पठाउनु। र उपरोक्त उल्लेखित ०७६- WO-०९३६ समेतका ५ थान निवेदनहरु समेत साथै राखि सुनवाईका लागि मिति २०७७।०१।११ गते पेश गर्नू। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिई अरु नियमानुसार गर्नू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७६ साल चैत्र २७ गते रोज ५ शुभम्-----------------------------------------